# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## प्रदेश नं १, जामुनबारी, झापा

Ph.no: 023401144,023401155
Website: www.kankaimun.gov.np
E-mail: info@kankaimun.gov.np


प.सं.
च.नं

**विषयः कृषिबाली, पशुपन्छी तथा मत्स्य बिमा सेवा कार्यक्रम संचालन गर्ने सम्बन्धमा आसयको प्रस्ताव पेश गर्ने बारेको सुचना**

सुचना प्रकाशित मितिः २०७९/०५/१६

यस कनकाई नगरपालिकाले नगरपालिका भित्रका कृषकहरुको पशुपन्छी तथा कृषि बालीको बिमा सेवा उपलब्ध गर्ने/गराउने सम्बन्धमा आ.ब. २०७७/७८ देखि निरन्तर कार्य गर्दै आएकोमा हाल कनकाई नगरपालिकाको वडा नं. ३, ४, ५ र ६ लाई लक्षित गरि बिमा सेवा प्रदायक संस्था थप गर्ने उद्देश्यले यो सूचना प्रकाशित गरि आसयको प्रस्ताव माग गरिएकोछ । तपशिलको सर्त बमोजिम आवश्यक योग्यता पुगेका बिमा प्रदायक संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आसयको प्रस्ताव यस कार्यालयको कृषि शाखामा पेश गर्नुहुन अनुरोध छ ।

<u>पेश गर्नु पर्ने कागजातहरु</u>

१. २०७८/७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी

२. सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी

३. बिमा कार्यक्रम संचालन सम्बन्धमा बढीमा ५०० शब्दको प्रस्तावना (अनुभव, यस पालिका भित्र उपलब्ध हुन सक्ने सेवा सुबिधा, प्राबिधिक परिचालन बिधि, क्षतिपूर्ति उपलब्ध गराउने बिधि र समय, सेवा प्रवाह गर्ने मुख्य कार्यालयको स्थान तथा उपलब्ध जनशक्तिको विवरण समेत उल्लेख गर्नु पर्ने ।

<u>शर्तहरु</u>

१. प्रस्तावना तयार गर्दा बिमा कम्पनीबाट प्राप्त हुने १५% कमिशन कनकाई नगरपालिका अन्तर्गत उपलब्ध स्थानीय बिमा एजेन्ट र प्राबिधिकलाई उपलब्ध गराउनु पर्नेछ ।

२. छनौट पश्चात बिमा सेवा प्रदायक संस्था मार्फत यो कार्यक्रम कनकाई नगरपालिकाको वडा नं. ३, ४, ५ र ६ मा मात्र संचालन गर्नुपर्नेछ ।

मोहन प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत